# वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि महत्वपूर्ण जानकारीहरू

## नेपालमा नै बसेर केहि गर्न सकिन्छ कि ?



### स्वदेशमा नै केहि गरौं

विदेशमा काम गर्न गएका सबै जनाको कमाइ र बसाइ राम्रो भएको छैन भने नेपालमा नै बसेर पनि धेरैले रोजगार वा स्वरोजगार गरी जीविकोपार्जन गरिरहेका छन् । आफ्नो परिवार, समाज छोडेर वैदेशिक रोजगारमा जानु भन्दा आफ्नै ठाउँमा बसेर कुनै उद्यम व्यासाय वा रोजगार पो गर्ने हो कि? एकपटक राम्रोसँग सोचौं ।



### लागत (खर्च) विश्लेषण गरौं

वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्च तथा त्याँहाबाट प्राप्त हुने आम्दानी र नेपालमा रहेर काम गर्दा हुने खर्च तथा आम्दानीको तुलना गर्नुहोस् । विदेशमा काम गरेर बचाउन सकिने रकम भन्दा आफ्नै देशमा काम गरेर बढी कमाउन पो सकिन्छ कि, व्यवसायिक योजना बनाएर विश्लेषण गर्न सकिन्छ ।




### रोजगार तथा स्वरोजगारको अवसरहरू खोज्नुहोस्

स्वदेशमा रोजगार गर्नका लागि स्थानीय गाउँ/नगरपालिका, सरकारी तथा विभिन्न गैरसरकारी निकायहरूले विभिन्न रोजगारमूलक तालिम र उद्यम व्यवसाय सञ्चालन गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग गरिरहेका हुन्छन् । यसैगरी बैंक तथा वित्तीय संस्थाहरूले सहुलियत व्याजमा ऋण दिईरहेका हुन्छन् । तपाईले पनि ती तालिम तथा अवसरहरु लिएर रोजगार वा स्वरोजगार हुन सक्नुहुन्छ । यसर्थ यस सम्बन्धी काम गरिरहेका निकायहरुमा सम्पर्क गर्नुहोस् ।

## वैदेशिक रोजगारीमा जाँदा ध्यान दिनुपर्ने कुराहरू



### विदेशमा पाउने काम र त्यसको आधिकारिकता बुझ्ने

कुन-कुन देशमा के कस्तो कामहरुको माग भएको छ भन्ने कुरा वैदेशिक रोजगार विभागको आधिकारिक वेबलिंक र पत्रपत्रिकाबाट जानकारी पाउन सकिन्छ । विदेशमा आवश्यक कामदारको माग सम्बन्धी सूचना पत्रपत्रिका र वेभसाइटमा प्रकाशन गरिएको हुन्छ । मेनपावरले भनेको काम आधिकारिक हो वा होईन भन्ने कुरा वेबलिंकमा गई जाँच्न सकिन्छ ।

वेबलिंक: https://foreignjob.dofe.gov.np/




### वैदेशिक रोजगारमा जान मान्यता प्राप्त मेनपावर कम्पनीमा आवेदन दिने

विदेशमा कामदार माग भई आएको सूचना अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त मेनपावर कम्पनीबाट मात्र वैदेशिक रोजगारका लागि आवेदन दिनु पर्दछ । व्यक्तिगत सम्पर्क तथा अवैधानिक एजेन्टमार्फत वैदेशिक रोजगारीमा जाँदा ठगीमा पर्ने जोखिम बढी हुन्छ । कानून अनुसार अब कोहि पनि आधिकारिक एजेन्ट छैनन् र अवैधानिक एजेन्ट मार्फत जाँदा बढी शुल्क पर्न जान्छ ।




### भ्रमण भिसामा विदेशमा काम गर्न नजाने

अवैधानिक एजेन्टहरूको प्रलोभनमा परेर कतिपयः मानिसहरू भ्रमण (भिजिट) भिसामा विदेशमा काम गर्न जाँदा काम नपाई अलपत्र परेर फर्किनु परेको अवस्था छ । नेपाल सरकारबाट श्रम स्वीकृति नलिएको अवस्थामा ती व्यक्तिहरुले भविष्यमा कुनै समस्या वा भवितव्य परेमा आवश्यक सेवा सुविधाहरु नपाउन पनि सक्दछ । त्यसैले विदेशमा काम गर्न जाने व्यक्तिले कहिल्यै पनि भ्रमण भिसामा जानु हुँदैन ।



### अभिमुखीकरण तालिम अनिवार्य रुपमा लिने

विदेश जानु अघि स्वीकृत प्राप्त अभिमुखीकरण प्रदायक संस्थामा गई अनिवार्य रुपमा २ दिनको अभिमुखीकरण तालिम लिनुपर्दछ । सो अभिमुखीकरण तालिमबाट आफु जाने देशको भौगोलिक अवस्था, हावापानी, ट्राफिक नियम, श्रम सम्वन्धी सामान्य कानुनी प्रावधान लगायतका विषयमा पर्याप्त जानकारी प्राप्त हुनेछ ।



### स्वास्थ्य जाँच गर्ने

वैदेशिक रोजगारमा जाने व्यक्तिले नेपाल सरकारद्वारा सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई तोकिएको हलोग्राम भएको स्वास्थ्य परीक्षण प्रमाण पत्र लिनु पर्दछ ।



### बीमा गर्ने

वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति लिनु पूर्व नेपाल सरकारबाट मान्यता प्राप्त बिमा कम्पनीबाट बिमा गराउने र सोको प्रमाण-पत्र लिनु पर्दछ ।

### करार पत्र राम्रोसँग पढेर मात्र हस्ताक्षर गर्ने

आफू जान लागेको देश, गर्ने काम, पाउने तलब, काम गर्ने कम्पनी, दिनमा काम गर्नुपर्ने समय(घण्टा) लगायत ओभर टाइमको व्यवस्थाबारे करार पत्र (एग्रिमेन्ट पेपर) मा के छ, सोका बारेमा राम्रोसँग पढ्नु पर्छ। मौखिक रुपमा भनेको कुरा भन्दा करार पत्रमा उल्लेख भएको कुराहरू मात्र आधिकारिक हुन्छन्। त्यसैले करार पत्रमा उल्लेख भएको कुराहरुमा चित्त बुझेमा मात्र हस्तारक्षर गर्नु पर्दछ।

### श्रम स्वीकृति लिने

भिसा, बिमा, स्वास्थ्य परीक्षण लगायतको सम्पूर्ण काम र सोको कागजातहरु तयार भएपछि नेपाल सरकार, वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनु पर्दछ।

### कागजातहरू सुरक्षितका साथ राख्ने

मेनपावर कम्पनीलाई राहादानी दिँदा, रकम बुझाउँदा तथा हरेक लेनदेनको रसिद लिई सुरक्षित राख्नु पर्दछ। वैदेशिक रोजगारको प्रकृयामा तयार गरिएका सबै कागजातहरुको सक्कल आफूसँग राख्ने र दुई/दुई प्रति फोटोकपि गरी १ प्रति आफैसँग र १ प्रति घर परिवारलाई दिएर सुरक्षित राख्नु पर्दछ।

### नेपालको विमानस्थलबाट मात्रै वैदेशिक रोजगार जाने

रोजगारका लागि विदेश जाँदा जहिले पनि नेपालको अन्तर्राष्ट्रिय विमानस्थल मात्र प्रयोग गर्नु पर्दछ। नेपाल बाहेक अन्य देशका विमानस्थलको प्रयोग गर्दा ठगी तथा बेचबिखनमा पर्ने जोखिम हुन्छ।

### सहयोगी निकाय र सम्पर्क नम्बर सुरक्षित राख्ने

आप्रवासी श्रोत केन्द्र, सम्बन्धित देशको नेपाली दुतावास, गैरआवासीय नेपालीहरूको संस्था, कामदारहरूको संगठित सामाजिक संस्थाहरू लगायतका सम्बन्धित सहयोगी निकायको नाम, ठेगाना र सम्पर्क फोन नम्बर लिएर सधैं आफ्नो साथमा राख्नुपर्दछ।

### नियमति सम्पर्कमा रहने

विदेशमा रहँदा आफु गएको देशको नेपाली दुतावास, त्यहाँ भएका नेपालीहरू आवद्ध विभिन्न सामाजिक संस्थाहरूसँग नियमित सम्पर्कमा रहनु पर्दछ। विदेशमा तपाईलाई सहयोग गर्ने निकायहरू तिनीहरु नै हुनसक्दछ ।

### अन्य जानकारी तथा उजुरीबारे सूचना लिने

करार पत्र (सम्झौता पत्र) मा उल्लेखित कम्पनी, काम, तलव तथा तोकिएको अन्य सुविधाहरूमा फरक परेमा वा विदेशमा रहँदा अन्य समस्या परेमा त्यहाँ भएको नेपाली दुतावास, वैदेशिक रोजगार विभाग र अन्य सम्बन्धित निकायहरुमा तुरुन्त जानकारी तथा उजुरी दिनु पर्दछ।

## निम्न लिखित सेवाहरू आवश्यक परेमा हामीलाई सम्पर्क गर्नुहोस्:

- स्वदेशमा रोजगार वा स्वरोजगारका अवसर सम्बन्धी जानकारीहरू पाउनका लागि
- वैदेशिक रोजगार सम्बन्धी सही र उपयुक्त सूचना, जानकारी तथा परामर्शका पाउनका लागि
- वैदेशिक रोजगारका क्रममा ठगीमा परेमा न्याय तथा क्षतिपूर्ति प्राप्त गर्नका लागि
- विदेशमा अलपत्र, बेपत्ता भएका र विभिन्न समस्यामा परेमा उद्दार गर्नका लागि
- वैदेशिक रोजगारका क्रममा मृत्यु वा अङ्गभङ्ग भएका व्यक्तिहरूले पाउने क्षतिपूर्ति तथा सहायता रकम प्राप्त गर्नका लागि

### थप जानकारीको लागि:

**आप्रवासी स्रोत केन्द्र/सूचना कक्ष**

......................................................................

☎ ......................................................................

f ......................................................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
आयोजना व्यवस्थापन कार्यालय
इटहरी, सुनसरी

IFAD
Investing in rural people